# जिल्ला समन्वय समितिको कार्यालय

४ नं.प्रदेश,नेपाल

जोमसोम, मुस्ताङ

## भवनको माथिल्लो तलाको हल १ ( १०.७० × ४.४५) मिटरको सो हल संगै शौचालय र स्नानगृह समेतको दरभाउपत्र आह्वानको सूचना

(पहिलो पटक प्रकाशित मिति : २०७५/०१/३१ गते)

यस जिल्ला समन्वय समितिको कार्यालय मुस्ताङको स्वामित्वको घरपझोङ गाउपालिका वडा.नं. ३ पुथाङ एयरपोर्टमा रहेको भवनको माथिल्लो तलाको हल १ र सो हल संगै शौचलाय र स्नानगृह समेत २०७५ साल श्रावण १ गते देखि २०७६ साल असार मसान्तसम्मका लागि भाडामा दिनु पर्ने भएकोले उक्त घर भाडामा लिन चाहनु हुने इच्छुक ब्यक्ति वा फर्महरुले तपसील अनुसारको विवरण सहित शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नु हुन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसील**

१. दरभाउपत्र रु. १०००/- (एक हजार) तिरी यो सूचना यस कार्यालय र अन्य स्थानीय कार्यालयहरुमा सूचना प्रकाशित भएको मितिले पन्ध्रौ दिन दिनको ५:०० बजेभित्र यस कार्यालयबाट खरिद गरी सोह्रौ दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । पर्न आएका शिलबन्दी दरभाउपत्रहरु सोह्रौ दिन दिनको ४ बजे यस कार्यालयमा खोलिने छ । तर दरभाउपत्र पेश गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोली पल्ट सोही समयमा खरिद गर्ने, पेश गर्ने र खोल्ने काम गरिनेछ ।

२. यस कार्यालयबाट उपलब्ध गराईएको दरभाउपत्र मात्र पेश गर्नु पर्ने छ ।

३. ठेक्का दरभाउपत्र पेश गर्नेले यस कार्यालयबाट तोकिएको न्यूनतम् अंकमा नघट्ने गरी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

४. दरभाउपत्र दिने ठेकेदारले दरभाउपत्र साथ कबुल अंकको ५% ले हुन आउने धरौटी रकम जिल्ला समन्वय समिति कार्यालयको नाममा नेपाल बैंक लिमिटेड जोमसोममा रहेको धरौटी खाता नं. ०६८०३००००००००३०००००२ (ग.३-० जि.स.स.) मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र दाताले दरभाउ पत्रसाथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

६. संस्थाको हकमा संस्था दर्ताको प्रमाणपत्र, सोको ०७५ साल आषाढ मसान्त सम्मको नविकरण, मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७३ ०७४ कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ ।

७. दरभाउपत्र सूचना प्रकाशन भएको सोह्रौ दिन दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा दिनको ४:०० बजे यस कार्यालयमा जिल्ला समन्वय अधिकारीको कार्यकक्षमा खोलिने छ । तर दरभाउपत्र दाताहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

८. तोकिएको हलको भाडाको कबोल अंकको दरभाउपत्र स्पष्ट रुपमा अंक र अक्षरमा किटान भएको हुनु पर्ने छ । केरमेट आदि भई नबुझिने भएमा अक्षरलाई मान्यता दिईनेछ ।

९. दरभाउपत्र स्वीकृत भएपछि दरभाउपत्र पेश गर्ने ब्यक्ति वा फर्मले सम्झौता गर्न आउँदा आफुले कबुल गरेको ठेक्का अंकको ५०% रकम जिल्ला समन्वय समिति, मुस्ताङको ने.बै.लि. जोमसोम स्थित रहेको च.हि. खाता नं. ०६८०३०००००००००४००३००२ (ग-४-३ जि.स.स.) मा जम्मा गरेको सक्कलै भौचर वा रकम पेश गर्नु पर्ने छ । बाँकी रकम सम्झौता पत्रमा उल्लेख भए अनुसार बुझाउनु पर्ने छ

१०. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

११. यस कार्यालयबाट स्वीकृत भाडा सम्बन्धी शर्तकोहकमा सोही बमोजिम हुनेछ ।

१२. उक्त घरको बिजुली ,बत्ति र पानीको शुल्क आफै ब्यक्ति वा फर्मले तिर्नु पर्ने छ ।

१३. उल्लेख भएदेखि बाहेक अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुने छ ।

१४. अन्य विस्तृत जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको फोन नं. ०६९-४४००४४ वा राजश्व शाखामा सम्पर्क राखी बुझ्न सकिने छ ।

१५. उक्त हल हेर्न चाहने ब्यक्ति वा फर्मले कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राखी हेर्न सकिने छ ।

| ठेक्का नं. | विषय | मासिक न्यूनतम भाडा रकम रु. |
|---|---|---|
| १. | घरपझोङ गाउपालिका वडा नं. ३ पुथाङ एयरपोर्टमा रहेको जिसस मुस्ताङको स्वामित्वमा रहेको भवनको माथिल्लो तलाको हल १ ( १०.७० मी.× ४.४५मी) | रु.१७,०००।- को दरले जम्मा बार्षिक रु. २,०४,०००।- |

१/३०

**केशब प्रसाद बिमली**

जिल्ला समन्वय अधिकारी